कचनकवल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा

१नं. प्रदेश, नेपाल

प.स. २०७७/०७८
च.नं.: ६३९

मिति : २०७७/०७/२७

विषय :- भर्चुअल तालिममा सहभागिता सम्बन्धमा ।

श्री सहकारी संस्था सबै,
कचनकवल गाउँपालिका, बनियानी, झापा ।

प्रस्तुत विषयमा राष्ट्रिय सहकारी महासंघ लि. नेपालको च.नं. १४० मिति २०७७।०७।१८ गतेको प्राप्त पत्रानुसार मिति २०७७।०८।०३ देखि २०७७।०८।०५ सम्म संचालक क्षमता अभिवृद्धि तालिम र मिति २०७७।०८।१६ देखि २०७७।०८।१८ गतेसम्म व्यवस्थापक क्षमता अभिबृद्धि तालिम भर्चुअल माध्यमबाट संचालन हुने भएकोले यस गाउँपालिका भित्रका रहेका इच्छुक सहकारी संस्थाहरुलाई तालिममा सहभागि हुन राष्ट्रिय सहकारी महासंघ लि. नेपालको पत्र यसैसाथ संलग्न राखी सोही पत्रानुसार गर्न गराउन हुन सूचित गरएको व्यहोरा अनुरोध छ ।

०८।२८

कुमार बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

इमेल: kachankawala@gmail.com, ito.kachankawalmun@gmail.com
वेबसाइट: www.kachankawalmun.gov.np फोन नं.: ९८५२६५५२१०
"व्यवसायिक कृषि र उद्यममा आधारित पर्यटकीय पूर्वाधार - शिक्षा, स्वास्थ्य र यातायात सञ्जाल कचनकवलको समृद्धिको आधार"

NCF NATIONAL COOPERATIVE FEDERATION OF NEPAL LTD.
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल

च.नं. १४०/०७७/०७८

मिति : २०७७/०७/१८

श्री सम्पूर्ण सहकारी संघ/संस्थाहरु

विषय: भर्चुअल तालिम कार्यक्रममा सहभागिता सम्बन्धमा ।

नेपालको सहकारी अभियानको गुणात्मक विकास र बिस्तारका लागि सहकारी अभियानको शीर्षस्थ निकाय यस राष्ट्रिय सहकारी महासंघ लि. नेपालले सहकारी संघ/संस्थाहरूको क्षमता अभिवृद्धि गर्न विभिन्न प्रकृतिका तालिम कार्यक्रमहरु संचालन गर्दै आईरहेको व्यहोरा विदितै छ ।

यसै सन्दर्भमा आ. व. २०७७/०७८ मा पनि सहकारी सघं/संस्थाहरुको माग र आवश्यक्ताका आधारमा विशिष्टिकृत तालिमहरु संचालन गरिने लक्ष्य अनुरुप सहकारी सघं/संस्थाका संचालक समितिका पदाधिकारीहरु र प्रमुख कार्यकारी अधिकृत वा व्यवस्थापकहरुलाई लक्षित गरी निम्न मिति, समयमा देहाएका तालिमहरु अनुभवी विषय विज्ञद्वारा सहजीकरण हुने गरी भर्चुअल रुपमा संचालन हुन गइरहेकोले त्यस सघं/संस्थाबाट यसै पत्रसाथ संलग्न रजिष्ट्रेसन फारम भरी सहभागीताको लागि हार्दिक अनुरोध छ ।

| क.स | तालिमको शीर्षक | संचालन मिति | समय | शुल्क (प्रति सहभागी) | लक्षित समुह |
|---|---|---|---|---|---|
| १ | संचालक क्षमता अभिवृद्धि तालिम | २०७७ मंसिर ३ देखि ५ | १०:३० - २:०० | रु ३०००।– | संचालक समिति |
| २. | व्यवस्थापक क्षमता अभिवृद्धि तालिम | २०७७ मंसिर १६ देखि १८ | १०:३० - २:०० | रु ३०००।– | कार्यकारी अधिकृत वा व्यवस्थापक |

पुनश्च:

- पहिलो सहभागी हुने लाई पहिलो प्राथमिकता दिई रजिष्ट्रेशन गराइने छ ।
- रजिष्ट्रेशन शुल्क वापतको रकम यस महासंघको नाममा रहेको राष्ट्रिय सहकारी बैकको खाता नं. १३०००१४ बानेश्वर शाखामा र राष्ट्रिय वाणिज्य बैकको पुल्चोक शाखाको खाता नं. ११४०१००००२४०१००१ जम्मा गरी वैंक भौचर इमेल trainingncf@gmail.com मार्फत पठाउन सकिने छ ।
- रजिष्ट्रेसन फारम www.ncfnepal.com.np बाट Download गर्न सक्नु हुने छ ।
- वैंक भौचरको प्रतिलिपि र रजिष्ट्रेसन फारम इमेल मार्फत प्राप्त भए पश्चात मात्र ZOOM ID प्रदान गरीने छ ।

बिस्तृत जानकारीका लागि
राष्ट्रिय सहकारी महासंघ लि. नेपाल, पूल्चोक, ललितपुर
फोन नं.: ०१-५०१०११६, ९८६०९८००२२

सहभागिताको अपेक्षा सहित सहकारी अभिवादन !

(चित्रा कुमारी थाम्सुहाङ्ग सुब्बा)
महाप्रबन्धक

Pulchok, Lalitpur, Nepal